### ग. होटल तथा आवास क्षेत्रमा पालना गर्नुपर्ने नियमहरु

- होटल तथा आवास क्षेत्रका बारेमा सञ्चालक तथा हज प्रतिनिधिमण्डल मार्फत थाहा पाएका नियमहरू पूर्ण पालना गर्नुपर्नेछ ।
- हज प्रतिनिधिमण्डले तोकेको आवास क्षेत्रमा बस्नुपर्दछ । आवास क्षेत्रमा रहदा वा सो बाहिर रहदा कुनै पनि गैरकानुनी कार्यहरू गर्नुहुंदैन । कुनै व्यक्तिले त्यस्तो कार्य गरेको वा गर्न लागेको थाहा भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराउनु पर्दछ ।
- हज प्रतिनिधिमण्डललाई जानकारी नगराई आवास क्षेत्र बाहिर जानु हुंदैन । कुनै पनि अनधिकृत व्यक्तिहरूसँग भेटघाट, कुराकानी गर्नु हुंदैन ।
- होटलले खाना खाजाका लागि तोकेको समयमा उपस्थित भई खाना खाजा खानुपर्दछ ।
- आवास कक्षमा रहेका सरसामानहरू तोडफोड गर्नुहुंदैन । भौतिक संरचना प्रयोग गर्ने सम्बन्धमा असहज भएमा सञ्चालक वा प्रतिनिधिमण्डललाई सम्पर्क गरी जानकारी भए अनुसार उपयोग गर्नुपर्दछ ।

### हजयात्रुहरुले आफ्नो साथमा राख्नुपर्ने कागजातहरु:

हजयात्रुहरूले निम्नानुसार कागजातहरू यात्रा प्रारम्भ गर्दादेखि यात्रा सम्पन्न नभएसम्म आफूसाथ सुरक्षित राख्नुपर्दछ;

१. राहदानी (Passport),
२. प्रवेशआज्ञा (Visa),
३. हवाई टिकट (Air tickets) तथा बोर्डिङ पास,
४. नियमित औषधि सेवन गर्नुपर्ने अवस्थामा यात्रा अवधिभर आवश्यक पर्ने औषधि तथा सो प्रयोग गर्न चिकित्सकले दिएको पूर्जा (Prescription),
५. साउदी अरब सरकारको नियम अनुसार कोभिड १९ वा यस्तै प्रकारको महामारीबाट बच्नका लागि कुनै खोप (Vaccine) लगाईएकोमा सो को प्रमाण,
७. नेपाल सरकार तथा साउदी अरब सरकारले तोकेअनुसारका अन्य कागजातहरू ।

**Mecca Kaaba**



**Madina Sharif**



नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल हज समिति**
सिंहदरबार, काठमाडौं
Website: nepalhajj.moha.gov.np

# हजयात्रीले ध्यान दिनुपर्ने कुराहरू

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल हज समिति**
सिंहदरबार, काठमाडौं
Website: nepalhajj.moha.gov.np

## हजयात्रुहरूले ध्यान दिनु पर्ने कुराहरू

### क. अध्यागमन तथा नागरिक उड्ययन सम्बन्धी नियमहरु:

- हजयात्रुहरूले आफ्नो राहदानी, भिसा, हवाई टिकट तथा वायुसेवा कम्पनीले उपलब्ध गराएको बोर्डिङ पास सुरक्षित राख्नुपर्नेछ । जुनसुकै समयमा यस्ता कागजातहरू आधिकारिक व्यक्तिले मागेमा सहजै देखाउन सकिने गरी आफ्नो साथै रहने गरी राख्नुपर्नेछ ।
- यात्राको क्रममा प्रतिवन्धित चिजवस्तुहरू जस्तै, हतियार, कैची, ब्लेड जस्ता धारिला वस्तुहरू, सलाई/लाईटर, घिउ, तेल जस्ता प्रज्वलनशील पदार्थ, तरल पदार्थ लगायत चिजवस्तुहरू यात्रुहरूले साथमा लैजानु हुँदैन ।
- घिउ, तेल, अचार, माछा/मासु, फलफूल, तरकारी तथा अन्य तयारी खानेकुराहरू साथमा बोक्नुहुदैन ।
- यात्रा पश्चात नेपाल फर्कदा के के सामाग्री ल्याउन पाईने हो, सो सम्बन्धमा नेपालको भन्सार नियमका बारेमा हज प्रतिनिधिमण्डलसँग बुझेर मात्र सामाग्री खरिद गर्नुपर्नेछ । भन्सार नियम अनुसार ल्याउन नपाईने सामानहरू ल्याएमा प्रचलित कानुन अनुसार कारवाही समेत हुनसक्नेछ ।
- विमानस्थल भित्र निषेधित क्षेत्रमा प्रवेश निषेधित संकेत गरिएको हुन्छ । उक्त स्थानमा प्रवेश गर्नुहुँदैन ।
- विमानस्थल भित्र हुने सुरक्षा जाँचको क्रममा विशेष संवेदनशील हुनुपर्नेछ । सुरक्षाकर्मीले दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
- विमानस्थल र हवाई जहाज भित्र अंग्रेजी वा अन्य भाषामा समेत विभिन्न निर्देशनहरू दिईन्छन् तसर्थ सो सम्बन्धमा आफूसाथ रहने हज प्रतिनिधिमण्डलले सहजीकरण गरे अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।
- विमानस्थलमा हुने शौचालयमा महिला र पुरुषको संकेत गरिएको हुन्छ । सो संकेत हेरेर मात्र शौचालय प्रयोग गर्नुपर्नेछ ।
- विमानस्थल तथा ट्रान्जिटमा रहदा आफ्नो समूह छाड्न हुँदैन । हर समय आफ्नो साथी/समूहको साथमा तोकिएको स्थानमा मात्र बस्नुपर्नेछ ।
- हवाई जहाज कम्पनीले टिकटमा उल्लेख भएअनुसारको तौलको सिमामा रही सामान लैजान र ल्याउन पाईनेछ । आफ्नो सामान तयारी गर्दा नै सोहि अनुसारको तौल सीमा भित्र रहनु पर्दछ ।
- उडान समय भन्दा ३ घण्टा अगावै विमानस्थल पुग्नुपर्दछ ।
- विमान भित्र प्रवेश गरिसकेपछि बोर्डिङ पासमा उल्लेखित सीट नम्बरमा गई बस्नुपर्दछ । अरू व्यक्तिको सीटमा बस्नुहुँदैन ।
- उडान कर्मचारीले दिएको सुरक्षा निर्देशन पूर्ण पालना गर्नुपर्दछ ।

### ख. धार्मिक कार्य तथा आवतजावत गर्दा पालना गर्नुपर्ने नियमहरु

- साउदी अरब सरकारले तोकेको नियमहरू हज प्रतिनिधिमण्डलबाट जानकारी हुनेछ । उक्त नियमहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
- नेपाल हज समितिबाट दिइएको नेपालको पहिचान अंकित झोला/अन्य सामग्री अनिवार्य साथमा बोक्नु पर्नेछ ।
- हजयात्रा अवधिभर कुनै समस्या भएमा हज प्रतिनिधिमण्डलसँग तत्काल सम्पर्कमा रहनुपर्नेछ । कुनै स्वास्थ्य समस्या भएमा तत्काल चिकित्सक टोलीसँग सम्पर्क गर्नुपर्नेछ । बाटोघाटो तथा स्थानीय वस्तुस्थितिका बारेमा कुनै जिज्ञासा वा अलमल भएमा हज प्रतिनिधिमण्डल वा तोकिएका स्वयंसेवकहरूसँग सम्पर्क गर्नुपर्नेछ ।
- यात्रा अवधिभर राहदानी, भिसा, हवाइटिकट लगायत अन्य महत्वपूर्ण कागजातहरू आफूसाथ सुरक्षित रुपमा राख्नुपर्नेछ । कुनै आधिकारिक व्यक्तिबाट खोजी भएमा मात्र देखाई पुन सुरक्षित तवरले राख्नुपर्नेछ ।
- हजयात्राको क्रममा मौअल्लिमको व्यवस्था अनुसारका क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ ।
- हजयात्रुहरूबीच मित्रवत व्यवहार गर्नुपर्नेछ । राष्ट्रियता तथा आपसी सद्भावमा आँच आउने गरी कुनै पनि अनैतिक, असामाजिक, गैरकानुनी कार्यहरू गर्नुहुँदैन ।
- सुरक्षाकर्मीहरूले दिएको निर्देशन पालना गर्नुपर्दछ । सुरक्षाकर्मी, स्वयमसेवक तथा अन्य व्यक्तिहरूसँग अनावश्यक तर्क वितर्क गर्नुहुँदैन । प्रतिवन्धित / निषेधित क्षेत्रमा प्रवेश गर्न वा आवतजावत गर्नु हुँदैन । शौचालय प्रयोग गर्दा महिला र पुरुषको संकेत राम्रोसँग हेरेर मात्र प्रयोग गर्नुपर्दछ । प्रतिबन्धित चीजवस्तुहरू जस्तै हतियार, लागूऔषध, मदिरा तथा सुर्तिजन्य पदार्थहरू साथमा बोक्न वा प्रयोग गर्नु हुँदैन । फोटो वा भिडियो खिच्नु भन्दा अगाडि उक्त स्थानमा फोटो खिच्न मिल्छ वा मिल्दैन भन्ने आधिकारिक जानकारी लिएर मात्र खिच्नुपर्दछ ।
- राजनैतिक विषयमा वहस गर्ने, राजनैतिक दस्तावेज तथा तस्वीरहरू, अश्लील तस्वीर, भिडियो लगायत साथमा राख्ने वा हेर्ने वा चर्चा गर्ने जस्ता कार्यहरू गर्नुहुँदैन ।
- आफूसाथ रहेका मालसामान तथा रकम सुरक्षित राख्नुपर्दछ ।
- आफूले प्रयोग गरी फोहोरको रूपमा उत्पादन भएका चिजवस्तुहरू फोहोर फाल्नका लागि तोकिएका स्थानमा मात्र फाल्नुपर्दछ ।
- धार्मिक कार्य तथा आवतजावत गर्दा भिडभाड गर्नुहुँदैन । आफ्नो कार्य गरिसकेपछि खुल्ला स्थानमा प्रतिनिधिमण्डलले तोकेको स्थानमा जम्मा भई बस्नुपर्नेछ ।
- हजयात्रा सम्पन्न भएपश्चात तत्काल स्वदेश फिर्ता हुनुपर्दछ ।